नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ

फोन नं. ४२००३१६
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

पत्र संख्याः-वा.त.वि.व्य.शा./०७७/०७८
चलानी नं.:- ९४५

मितिः २०७७/०७/२८

विषयः विवरण पठाउने सम्बन्धमा ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू ,
महा/उपमहा/नगरपालिका/ गाउँपालिका (सबै)।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।७।२४ को निर्णयानुसार रोजगारीको संभाव्यता अध्ययन गर्ने प्रयोजनका लागि कोभिड-१९ को कारणबाट भारत लगायत अन्य मुलुकबाट रोजगारी गुमाएका र अध्ययन गरी फर्किएका शिक्षित तथा दक्ष बेरोजगार र १८ देखि ५९ वर्ष उमेर समूहका बेरोजगार नेपाली नागरिकहरुको तथ्यांक संलग्न ढाँचामा संकलन गरी यस मन्त्रालयको वातावरण तथा विपद् व्यवस्थापन शाखाको इमेलः **dreportingsystem@gmail.com** मा १५ दिनभित्र पठाउनु हुन अनुरोध छ ।

संलग्नः

१. कोभिड-१९ को कारण विदेशबाट फर्केका व्यक्तिहरुको विवरण संकलन फाराम थान एक ।
२. १८ देखि ५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिहरुको विवरण संकलन फाराम थान एक ।

(विष्णुदत्त गौतम)
सहसचिव

बोधार्थ एवम् कार्यार्थः

श्री प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP):-सम्बन्धित प्रादेशिक इकाईहरु मार्फत सम्बन्धित स्थानीय तहहरुसँग समन्वय गरी विवरण संकलन गरी पठाउने व्यवस्था मिलाउनु हुन ।

श्री प्रदेश सम्पर्क व्यक्ति (सातवटै प्रदेश),
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय :- तोकिएको प्रदेशका स्थानीय तहहरुसँग समन्वय गर्नु हुन ।

श्री सूचना तथा प्रविधि शाखा,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- उपरोक्त बमोजिमको सूचना वेवसाइटमा राखि दिनुहुन ।

श्री जिल्ला समन्वय समिति महासंघ नेपालः- उपरोक्त बमोजिमको तथ्यांक संकलनमा समन्वय र सहजीकरण हुन ।

श्री नेपाल नगरपालिका संघ :- " " " ।

श्री गाउँपालिका राष्ट्रिय महासंघ :- " " " ।